# वि.वय.स./शिक्षक/कर्मचारी प्रोत्साहन तथा सम्मान सम्बन्धी निर्देशिका, २०८१

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
लुम्बिनी प्रदेश, नेपाल।

<u>वि. व्य..स./शिक्षक/कर्मचारी प्रोत्साहन तथा सम्मान सम्बन्धी निर्देशिका, २०८१</u>

<u>प्रस्तावना:</u> प्रदेशभित्रका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिमा सहयोग पुर्याइ प्रदेशको शैक्षिक पहिचान स्थापित गर्न र शिक्षाका राष्ट्रिय तथा तहगत उद्देश्यहरु हासिल गर्न उल्लेख्य योगदान पुर्याएका वि.वय.स./शिक्षक/कर्मचारी **सम्बन्धी निर्देशिका,** २०८१ प्रोत्साहन तथा सम्मान गर्न वाञ्छनीय भएकोले, प्रदेश सरकार सामाजिक विकास मन्त्रालय लुम्बिनी प्रदेश को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा २ बमोजिम प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेशले देहायको निर्देशिका बनाई जारी गरेको छ।

## परिच्छेद - एक
## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यो निर्देशिकाको नाम " वि.वय.स./शिक्षक/कर्मचारी प्रोत्साहन तथा सम्मान सम्बन्धी निर्देशिका, २०८१ " रहेकोछ।

(२) यो निर्देशिका स्वीकृत भएको मिति देखि लागु हुनेछ।

२. <u>परिभाषा:</u> विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "प्रदेश" भन्नाले लुम्विनी प्रदेश सम्झनु पदर्छ।

(ख) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पदर्छ।

(ग) " वि.वय.स./शिक्षक/कर्मचारी " भन्नाले यस निर्देशिका बमोजिम पुरष्कार प्राप्त गर्नको लागि प्रदेश अन्तरगतका विद्यालय शिक्षामा कार्यरत विद्यालय व्यस्थापन समिति, शिक्षक तथा विद्यालयमा कार्यरत कर्मचारी समेतलाई सम्झनु पर्दछ।

(घ) "समिति" भन्नाले दफा ४ बमोजिमको समितिलाई सम्झनु पर्दछ।

(ङ) "डिभिजन कार्यालय " भन्नाले सामाजिक विकास मन्त्रालय अन्तरगतका सामाजिक विकास डिभिजन कार्यालय सम्झनु पर्दछ।

(च) "विद्यालय" भन्नाले प्रदेश भित्रका विद्यालयहरुलाई सम्झनु पर्दछ।

(छ) निर्देशिका भन्नाले " वि.वय.स./शिक्षक/कर्मचारी प्रोत्साहन तथा सम्मान **सम्बन्धी निर्देशिका,** २०८१ " सम्झनु पदर्छ।

## परिच्छेद - दुई
## <u>उद्देश्य</u>

३. <u>उद्देश्य:</u> यस कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिम रहेका छन्।

(क) प्रदेश भित्रका विद्यालयका वि.वय.स./शिक्षक/कर्मचारीलाई प्रोत्साहन गरी थप उर्जाशील बनाउने

(ख) शिक्षाका राष्ट्रिय तहगत उद्देश्य तथा वालवालिकाको विकासमा सहयोग पुग्ने गरी विद्यालय व्यवस्थापन गर्न वि.वय.स./शिक्षक/कर्मचारीलाई उच्च मनोवल प्रदान गर्ने,

(ग) वि.वय.स./शिक्षक/कर्मचारीलाई विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिमा योगदान पुराउन प्रोत्साहन गर्ने,

## परिच्छेद - तीन
## समिति सम्बन्धी व्यवस्था

४. <u>पुरस्कार छनौट समितिः</u> (१) डिभिजन कार्यालयहरुले अन्तरगत जिल्लाका स्थानीय तहबाट सिफारिस भई आएका उच्च शैक्षिक उपलब्धि प्राप्त गरेका शिक्षक, विद्यालयका व्यवस्थापन समितिका पदाधिकारीहरु र विद्यालयका कर्मचारीहरु मध्येबाट पुरस्कृत हुने वि.वय.स./शिक्षक/कर्मचारी छनौट गर्न देहाय बमोजिमको पुरस्कार छनौट समिति रहनेछः-

(क) प्रमुख, सामाजिक विकास डिभिजन कार्यालय - अध्यक्ष

(ख) सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयले छनौट गरेको शिक्षाविद - सदस्य

(ग) अधिकृत प्रतिनिधि , शिक्षा विकास तथा समन्वय इकाई - सदस्य

(२) समितिले दफा ४ बमोजिम स्थानीय तहले सिफारिस गरेका वि.वय.स./शिक्षक/कर्मचारी मध्येबाट पुरस्कृत हुने उत्कृष्ट वि.वय.स./शिक्षक/कर्मचारी छनौट गर्नेछ।

(३) समितिले पुरस्कृत हुने वि.वय.स./शिक्षक/कर्मचारीको संख्या र पुरस्कारको राशी बजेटको सीमा निर्धारण गर्नेछ।

(४) समितिको बैठक आवश्कतानुसार वस्नेछ र बैठक सम्वन्धि खर्च सम्बन्धित कार्यक्रमबाट नै नियमानुसार व्यहोर्नु पर्नेछ।

## परिच्छेद —चार
## मापदण्ड सम्बन्धी व्यवस्था

५. <u>सिफारिस मापदण्डः</u> १.क. स्थानीय तहले शिक्षक छनौट गर्दा शिक्षकले शिक्षण गरेका विषयहरुको सिकाइ उपलब्धिको औसतलाई मूल आधार बनाउनु पर्नेछ। यस बाहेक सहायक आधारको रुपमा निम्न आधार समेतलाई ध्यान दिन सकिनेछः

(क) शिक्षकको कक्षामा उपस्थिति तथा समयको परिपालना,

(ख) विद्यार्थीको रोजाइ तथा शिक्षण गर्ने विषयको कठिनाई स्तर,

(ग) अनुसन्धानमुलक प्रवृत्ति, कार्यमूलक अनुसन्धान,

(घ) समुदायसंगको सम्बन्ध तथा विद्यालयका विभिन्न गतिविधिमा शिक्षकको भूमिका,

(ङ) समालोचनात्मक, रचनात्मक र नेतृत्व क्षमता,

(च) कुशल सीप तथा आकर्षक व्यक्तित्व।

(छ) शिक्षकको प्रवर्द्धनात्मक कार्य,

(ज) शिक्षाका नविनतम प्रबिधिहरुको प्रयोग,

(झ) समावेशिता

५.१.(ख) सिफरिस हुने शिक्षकले कम्तीमा ५ वर्ष विद्यालयमा सेवा गरेको हुनुपर्नेछ । एक पटक सिफारिस भई पुरस्कृत भएको शिक्षकलाई सामान्यतया ५ बर्ष सम्म सिफारिस गर्न मिल्ने छैन।

५. २ (क) स्थानीय तहले वि.व्य.स. पदाधिकारीहरुको छनौट गर्दा विद्यालयको समग्र सिकाई उपलब्धिलाई सिकाइ उपलब्धिको औसतलाई मूल आधार बनाउनु पर्नेछ। यस वाहेक सहायक आधारको रुपमा निम्न आधार समेतलाई ध्यान दिन सकिनेछः

(क) विद्यालयको समग्र शैक्षिक विकासमा उल्लेख्य योगदान पुर्याएको।

(ख) विद्यालयमा अभिभावक तथा समुदायको सहभागितालाई नेतृत्वकारी भुमिका निर्वाह गरेको ,

५. २ (ख) पुरस्कारको लागि सिफारिस हुने पदाधिकारीले कम्तिमा १ बर्षको अवधि पुरा गरेको हुनुपर्नेछ।

५. ३ (क) स्थानीय तहले कर्मचारीहरुको छनौट गर्दा विद्यालयको समग्र सिकाई उपलब्धि राम्रो भएका विद्यालयका कर्मचारीहरुलाई छनौटमा प्राथमिकता दिनुपर्नेछ। यस बाहेक सहायक आधारको रुपमा निम्न आधार समेतलाई ध्यान दिन सकिनेछः

(क) अभिलेख व्यवस्थापन तथ्याङ्क व्यवस्थापन आर्थिक अनुशासन तथा बेरुजु फछ्यौंट

(ख) समयको परिपालना,

(ग) सूचना प्रविधिमा दखल,

(ग) पालिकामा पठाउनुपर्ने प्रतिवेदनहरुको समय सीमा र गुणस्तरीयता ,

६. **पुरस्कृत तथा सम्मानित हुने संख्या निर्धारण एवम् पुरस्कार रकमः** स्थानीय तहबाट सिफारिस गरिएका वि.वय.स./शिक्षक/कर्मचारीमध्येबाट दफा ४ बमोजिम गठित पुरस्कार छनौट समितिले पुरस्कृत तथा सम्मानित गर्न संख्या निर्धारण गर्नेछ। यसरी संख्या निर्धारण गर्दा कम्तिमा दुई तिहाई शिक्षक हुनु पर्नेछ। पुरस्कार तथा सम्मान सम्बन्धि रकम तथा बस्तुगत सम्मानको रकम विनियोजित रकमको सीमा भित्र रही गर्नु पर्नेछ।

## परिच्छेद - पाँच
## विविध

७. <u>बैठक भत्ता सम्बन्धी व्यवस्थाः</u> बैठकमा उपस्थित छनौट समितिका पदाधिकारीले प्रचलित कानून बमोजिम बैठक भत्ता पाउनेछन्। आवश्यकताको आधारमा स्थानीय तहबाट विशेषज्ञको रुपमा प्रतिनिधि आमन्त्रण गर्न सकिनेछ।

७. **पुरस्कृत गर्न सकिनेः यदि कुनै पालिकाहरुबाट सिफारिस भई नआएमा दफा ४ मा उल्लेखित समितिले पुरस्कार तथा सम्मान प्रदान गर्न** वि.वय.स./शिक्षक/कर्मचारीलाई छनौट गरी पुरस्कार तथा सम्मानित गर्न सकिनेछ।

८. <u>प्रचलित कानून बमोजिम हुनेः</u> यस निर्देशिकामा उल्लेखित भएको विषयको हकमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

९. <u>संशोधनः</u> मन्त्रालयले आवश्यकतानुसार यो निर्देशिका संशोधन गर्न सक्नेछ।

१०. <u>बाधा अड्काउ फुकाउनेः</u> यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा आइपरेमा मन्त्रालयले बाधा अड्काउ फुकाउनेछ।

लुम्बिनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय